# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७५।१२।११ गते

# प्रेस विज्ञप्ति

## विषय: आरोप-पत्र दायर गरिएको।

---

जिल्ला वन कार्यालय, डोल्पाका कर्मचारीहरुले स्थानीय जग्गा धनीहरु तथा जडीबुटीका ठेकेदारहरुसँग मिली मोटो रकम लेनदेन गरी निजी हकभोगको जग्गाबाट जडीबुटी संकलन गरेको भनी नक्कली कागजात तयार गरी सामुदायिक वन तथा राष्ट्रिय वनबाट संकलन भएको जटामसी जिल्ला बाहिर लैजाने छोडपुर्जी इजाजत दिएको भन्ने व्यहोराको उजुरी सम्बन्धमा अनुसन्धान हुँदा उक्त जिल्ला वन कार्यालय, डोल्पाका ३ जना कर्मचारीहरुले निजी हकभोगको जग्गाबाट जटामसी संकलन गरेको भनी फर्जी कागजात तयार गरी सामुदायिक वन तथा राष्ट्रिय वनबाट संकलन भएको १,८५,९९६ के.जी. जटामसी जिल्ला बाहिर लैजान रु.१,४८,७९,६८०। -(एक करोड अठचालिस लाख उनान्असी हजार छ सय असी मात्र) को छोडपुर्जी दिई, आफैं मुचुल्काहरु र प्रतिवेदन तयार गरी गराई आफू र अन्य व्यक्तिलाई गैरकानूनी लाभ पुऱ्याउने, सरकारी सम्पत्तिको बदनियतसाथ हिनामिना हानि नोक्सानी गरेको देखिंदा उक्त कार्यमा संलग्न देहाय बमोजिमका व्यक्तिहरू उपर देहाय बमोजिमको सजायको मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

| सि.न | नामथर | पद | कार्यालय | बिगो | सजायको मागदाबी |
|---|---|---|---|---|---|
| १. | राम विचारी ठाकुर | तत्कालीन वन अधिकृत (उपसचिव) | साविक जिल्ला कार्यालय हाल डिभिजन कार्यालय, डोल्पा | रु.१,४८,७९,६८०।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ र दफा १९ को उपदफा (२) बमोजिमको कसुरमा भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (झ) तथा दफा १९ को उपदफा (२) बमोजिम सजाय साथै ऐ.ऐनको दफा १७ बमोजिम बिगो असुल उपर हुन समेतको मागदाबी |
| २. | रुद्र बहादुर बुढा | फरेष्टर | " | रु.१,४८,७९,६८०।- | " |
| ३. | भीम बहादुर बुढा | " | " | रु.१,४८,७९,६८०।- | " |

(प्रदीपकुमार कोइराला)

प्रवक्ता